"सबैको साथ वैतेश्वरको विकास"

# वैतेश्वर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पाँडुडाडाँ, दोलखा
बागमती प्रदेश, नेपाल

☎०४९-५९०१८१
✉ Email: info@baiteshwormun.gov.np

## न्यूनतम मुल्यमा फोहोरमैला संकलन तथा ढुवानी सेवा उपलब्ध गराउन सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धमा।

(प्रथम पटक सूचना प्रकाशित मिति: २०८३।०५।३०)

यस वैतेश्वर गाउँपालिका अन्तर्गतको मैनापोखरी बजार क्षेत्रबाट उत्सर्जन हुने ठोस/कुहिने-नकुहिने फोहोरमैला नियमित रूपमा संकलन गरी तोकिएको डम्पिंग साइटसम्म ढुवानी गर्नुपर्ने भएकोले मान्यता प्राप्त इच्छुक फर्म, कम्पनी वा आपूर्तिकर्ताहरूबाट प्रचलित कानुनबमोजिम न्युनतम मुल्यमा फोहोरमैला संकलन तथा ढुवानीको लागि **सिलबन्दी दरभाउपत्र** आह्वान गरिन्छ।

| विवरण | विवरण/दर |
|---|---|
| सेवाको नाम | फोहोरमैला संकलन,ढुवानी तथा व्यवस्थापन सेवा |
| सेवा क्षेत्र | वैतेश्वर गाउँपालिकाको मैनापोखरी बजारक्षेत्र वडा नं. ४ र ५ |
| सेवा इकाइ | आवासीय ३० तथा व्यवसायिक १७२ गरी जम्मा २०२ घरधुरी |
| आवासीय सेवा शुल्क | रु. ५० प्रति इकाइ |
| व्यवसायिक सेवा शुल्क | रु.१०० प्रति इकाइ |
| अनुमानित सेवा शुल्क/राजस्व | रु. १८,७०० प्रतिमहिना |
| अनुमानित कार्यक्रम लागत | रु. ४,७३,३१४.५२ (स्वीकृत लागत अनुमान अनुसार) |
| सेवा अवधि | सम्झौतामा तोकिए बमोजिम |

### १. सेवा प्रदायकले गर्नुपर्ने मुख्य कार्य

-निर्धारित तालिका/रुटअनुसार नियमित फोहोर संकलन गर्ने।
-संकलित फोहोर सुरक्षित रूपमा तोकिएको स्थानसम्म ढुवानी गरी व्यवस्थापन गर्ने।
-कामदारलाई आवश्यक, सुरक्षा सामग्री तथा स्वच्छता व्यवस्था गर्ने।
- संकलन तथा ढुवानी अभिलेख राख्ने।
-मासिक प्रगति प्रतिवेदन तथा संकलित राजश्व यस गाउँपालिकाको तोकिएको राजश्व खातामा जम्मा गर्नुपर्नेछ।
-गाउँपालिकाको अनुगमन तथा निर्देशन पालना गर्ने।

### २. सेवा शुल्क/राजस्व सम्बन्धी व्यवस्था

-वैतेश्वर गाउँपालिकाको आर्थिक ऐन अनुसार आवासीय इकाइबाट मासिक रु. ५० र व्यवसायिक इकाइबाट मासिक रु. १०० का दरले फोहोरमैला वापतको शुल्क संकलन गरिनेछ। (३० × रु. ५० = रु. १,५००; १७२ × रु. १०० = रु. १७,२००; जम्मा रु. १८,७००)।
-गाउँपालिकाको स्वीकृति बिना थप शुल्क असुल गर्न पाइने छैन।

### ३. सेवा प्रदायकको योग्यता तथा पेश गर्नुपर्ने कागजात

-प्रचलित कानूनबमोजिम दर्ता भएको फर्म/कम्पनी/संस्था भएको प्रमाण तथा करसम्बन्धी चक्ता सम्बन्धी कागजात।
-सम्बन्धित सेवा/फोहोरमैला व्यवस्थापन/सरसफाइ/ढुवानीको अनुभवको प्रमाण (भएमा)।
-जनशक्ति, सवारी साधन तथा उपकरणको विवरण। कार्ययोजना/ संकलन तालिका।
-दरभाउपत्र फारमका प्रत्येक पृष्ठमा सहीछाप (Signature and Stamp)।

### ४. प्रस्ताव/बोलपत्र पेश गर्ने विवरण

| | |
|---|---|
| कार्यको प्रकृति | क्षेत्रगत फोहोरमैला संकलन र तोकिएको स्थानमा ढुवानी । |

प्रमुख प्रशासकीय अधिकृत

| | |
|---|---|
| दरभाउपत्र फारम पाइने स्थान | यस कार्यालयको राजश्वा शाखा वा यस गाउँपालिकाको वेबसाइट www.baiteshwormun.gov.np बाट डाउनलोड गर्न सकिनेछ। |
| दरभाउपत्र दस्तुर | रु. १०००/- (अक्षरुपी एक हजार मात्र) फिर्ता नहुने गरी नगद रसिद वा बैंक भौचरमार्फत बुझाउनुपर्नेछ। |
| धरौटी रकम (कार्यसम्पादन जमानत) | यस कार्यालयको धरौटि खाता नं. ०५७०१०००००००७४००१०२ मा रु १,५०,०००।-(अक्षरेपी एक लाख पचास हजार मात्र) जम्मा गरेको भौचर वा बैंक जमानत पेश गर्नुपर्नेछ। (कार्य सम्पन्न भएको १ महिना पछि फुकुवा हुने गरि) |
| दरभाउपत्र पेश गर्ने अन्तिम मिति | २०८३/०६/०५ गते दिनको १२:०० बजेसम्म। |
| दरभाउपत्र खोल्ने मिति, समय र स्थान | २०८३/०६/०५ गते दिनको २:०० बजे यस कार्यालयको हलमा (संस्थाका प्रतिनिधिहरूको उपस्थितिमा वा नरहे पनि खोल्ने छ) |
| दरभाउपत्र जमानत | यस कार्यालयको धरौटि खाता नं. ०५७०१०००००००७४००१०२ मा रु १२,०००।-(अक्षरेपी बाह्र हजार मात्र) जम्मा गरेको भौचर वा बैंक जमानत पेश गर्नुपर्नेछ। |

**५. मूल्याङ्कन तथा छनौट**

सिलबन्दी दरभाउपत्रको मूल्याङ्कन र सेवा प्रदायक छनोट प्रचलित सार्वजनिक खरिद कानून बमोजिम सेवा प्रदायकहरु मध्येबाट न्युनतम मुल्याङकृत सारभुत रुपमा प्रभावग्राही हुने गरी छनौट गरिनेछ। आवश्यक भए अनुभव, कार्ययोजना, जनशक्ति, सवारी/उपकरण, फोहोर वर्गीकरण तथा व्यवस्थापन विधि, स्वास्थ्य/सुरक्षा र अभिलेख/प्रतिवेदन क्षमतालाई आधार बनाइनेछ।

**६. भुक्तानी**

सम्झौता, स्वीकृत लागत अनुमान तथा कार्यसम्पादनका आधारमा भुक्तानी गरिनेछ। वास्तविक सेवा सञ्चालन, अभिलेख, प्रतिवेदन र अनुगमनबाट कार्यसम्पादन पुष्टि भएपछि गाउँपालिकाले भुक्तानी प्रकृया अगाडी बढाईनेछ।

**७. महत्वपूर्ण शर्तहरू**

-सेवा प्रदायकले सम्झौतामा तोकिएको सेवा नियमित र गुणस्तरीय रूपमा हप्तामा २ दुई पटक संकलन गर्नुपर्नेछ।
-फोहोर ढुवानी गर्दा वातावरण तथा जनस्वास्थ्यमा असर नपर्ने गरी सुरक्षित सवारी साधन प्रयोग गर्नुपर्नेछ।
-अभिलेख गाउँपालिकाले तोकेको ढाँचामा राख्नुपर्नेछ।
-गाउँपालिकाले स्थलगत अनुगमन गर्न सक्नेछ।
-सम्झौता उल्लङ्घन वा सेवा नदिएको अवस्थामा प्रचलित कानूनबमोजिम कारबाही गरी धरौटी रकम जफत गरि सम्झौता भङ्ग गरिनेछ।
-अन्य विषयहरू प्रचलित कानून बमोजिम हुनेछन्।

द्रष्टव्यः रीत नपुगेका, म्याद नाघेर आएका वा शर्त विपरीतका दरभाउपत्रहरू उपर कुनै कारबाही नगरिने र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

२०८२/०५/२०

प्रमुख प्रशासकीय अधिकृत
**प्रमुख प्रशासकीय अधिकृत**

प्रमुख प्रशासकीय अधिकृत

**Baiteshwor Rural Municipality**

**Office of Rural Municipal Executive**

Pandudanda,Dolakha

Bagmati Province ,Nepal

**Bill of Quantity**

**Name of the Project : Mainapokhari Foharmaila Bebasthapan**

Location : Baiteshwor Rural Municipality,Ward 4 and 5

**Name of Contractor:**

| Item No. | Description | Unit | Quantity | Rate (without VAT) | | Amount(NRs) | Remarks |
|---|---|---|---|---|---|---|---|
| | | | | In figure | In words | | |
| 1 | फोहोरमैला संकलन जनशक्ति/सेवा सञ्चालन | nos/per day | | | | | |
| 2 | फोहोरमैला ढुवानी तथा सवारी सञ्चालन | per quintal | | | | | |
| 3 | PPE, gloves, mask, boots तथा सुरक्षा सामग्री | L/S | | | | | |
| 4 | संकलन सामग्री तथा उपकरण | L/S | | | | | |
| 5 | फोहोर व्यवस्थापन | L/S | | | | | |
| | | | | | Sub-Total NRs | | |
| | | | | | VAT @13% | | |
| | | | | | Total Amount NRs | | |
| Total Amount in Words: | | | | | | | |